# राजपुर गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
गंगदी, दाङ
(शिक्षा, युवा तथा खेलकुद शाखा)
लुम्बिनी प्रदेश, नेपाल

☎ ९८५७८३५२४०


प.स. २०७८/०७९
च.नं. ~~१२६०~~ ५३०

मिति : २०७८/०८/२७

विषय : विषय विज्ञको लागि आवेदन पेश गर्ने सम्बन्धमा ।

श्री सामुदायिक विद्यालयका सम्पुर्ण शिक्षकहरु,
राजपुर गाउँपालिका, दाङ ।

प्रस्तुत, विषयमा राजपुर गाउँपालिका गाउँ शिक्षा समितिको मिति २०७७ चैत्र २२ गतेको बैठकले यस गाउँपालिका अर्न्तगतका सामुदायिक विद्यालयहरुमा रिक्त हुने करार शिक्षक, गा.पा. अनुदान शिक्षक, बालविकास केन्द्रका सहजकर्ता र विद्यालय कर्मचारी छनौट गर्ने प्रयोजनार्थ विषय विज्ञ शिक्षक रहेको रोष्टर तयार गर्ने निर्णय गरेको हुँदा तपसिल बमोजिमको योग्यता पुगेका इच्छुक शिक्षकहरुले यो सुंचना प्रकाशन भएको मितिले ७ (सात) दिन भित्र तपसिल बमोजिमका कागजातहरु सहित यस गाउँपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखामा विषय विज्ञमा सुचिकृत हुन निवेदन पेश गर्नुहुन अनुरोध छ ।

<u>विज्ञ सुचिमा सुचिकृत हुन आवश्यक न्युनतम योग्यता</u>

१. आधारभुत तह (कक्षा १ - ५) को विज्ञमा सुचिकृत हुनका लागि शिक्षाशास्त्रमा कम्तिमा स्नातक .उत्तिर्ण गरी सम्वन्धित तहमा कम्तिमा ५ वर्ष अध्यापन अनुभव भएको सम्वन्धित तह वा माथिल्लो तहको स्थायी शिक्षक ।

२. आधारभुत तह (कक्षा ६ - ८) को विज्ञमा सुचिकृत हुनका लागि शिक्षाशास्त्रमा कम्तिमा स्नातक उत्तिर्ण गरी सम्वन्धित विषयमा कम्तिमा ५ वर्ष अध्यापन अनुभव भएको सम्वन्धित तह वा माथिल्लो तहको स्थायी शिक्षक ।

३. माध्यमिक तहको विज्ञमा सुचिकृत हुनका लागि शिक्षाशास्त्रमा स्नातकोत्तर उत्तिर्ण गरी सम्वन्धित तहमा सम्वन्धित विषयमा कम्तिमा ५ वर्ष अध्यापन अनुभव भएको सम्वन्धित तहको स्थायी शिक्षक ।

<u>निवेदन साथ पेश गर्नुपर्ने आवश्यक कागजातहरु</u>

१. नागरिकता प्रमाणपत्रको प्रतिलिपि
२. शैक्षिक योग्यता सम्वन्धि कागजातहरु
३. अध्यापन अनुमति पत्रको प्रतिलिपि
४. स्थायी नियुक्ति पत्रको प्रतिलिपि
५. तालिम सम्वन्धि कागजातहरु
६. विज्ञ सुचिमा सुचिकृत हुन चाहेको सम्वन्धित तहको सम्वन्धित विषयको शिक्षक सेवा आयोगले हालसालै निर्धारण गरे बमोजिमको पाठयक्रममा आधारित रहि निमार्ण गरिएको ३ सेट Traditional Unicode front मा कम्प्युटर टाईप नमुना प्रश्नपत्रको खामवन्दी हार्डकपि र सप्टकपि ।

पुनश्च : एक भन्दा वढी तह वा विषयको विज्ञमा सुचिकृत हुनको लागि अलग - अलग निवेदन र माग भए बमोजिमका कागजात पेश गर्नु पर्ने छ ।

चन्द्रकान्त पौडेल
प्रमुख प्रशासकीय अधिकृत
**प्रमुख प्रशासकिय अधिकृत**